# काठमाण्डौ फरेष्ट्री कलेज
# KATHMANDU FORESTRY COLLEGE

स्थापना: २०६२ (Estd: 2005)

VAT: 302402302
Company Regd. No.: 972/2063/064


Ref. No.: 6168/083/084

मितिः २०८३/०५/२६

## फरेस्ट्री स्नातक तहमा भर्ना सम्बन्धी दोस्रो सूचना

उपरोक्त सम्बन्धमा, श्री वन विज्ञान अध्यन संस्थान डीनको कार्यालय, काठमाण्डौले शैक्षिक सत्र ०८३/०८७ को लागी वन विज्ञान अध्यन संस्थान बाट मिति २०८३/०५/२१ गते लिइएको प्रवेश परीक्षाको उत्तीर्ण परिक्षार्थीहरुको प्रकाशित नतिजा बमोजिम उत्तीर्ण भएका यस कलेजमा अध्ययन गर्ने इच्छुक विध्यार्थीहरुलाई २०८३/०५/२८ गते भित्र अनलाइन वा भौतिक निवेदन दिन पुर्व सूचना (प्रकाशित मिति २०८३/०५/२२ च. न. २०८३/०८४) प्रकाशित गरिएकोमा अर्को साता पर्न गएका चाडपर्व लाई मध्यनजरगरी आज मिति २०८३/०५/२६ गते प्रकाशित प्रथम सूची अनुसार यस कलेजमा भर्ना प्रक्रिया अगाडी बढाइएकोहुँदा सम्बन्धित सबै लाई यो सूचना प्रकाशित गरिएको छ ।

भर्ना हुन आउने विद्यार्थीहरुले प्रथम किस्ता बापतको शुल्क रकम रु ८१,७५०/- (एक्कासि हजार सात सय पचास मात्र) रकम यस काठमान्डौ फरेस्ट्री कलेज लिमिटेडको नाममा नबिल बैंक लिमिटेड मा रहेको कल खाता नं. ५००६०१७५००००६ मा वा कलेजको QR मार्फत मिति २०८३/०५/३१ गते दिनको ३ बजे भित्र जम्मागरी अपरान्ह ४ बजे भित्र रकम जम्मा गरेको सक्कल भौचर साथ कलेजको लेखा शाखामा सम्पर्कगरी भर्ना भई सक्नु पर्नेछ ।

**भर्नाका अन्य शर्तहरु निम्नानुसार छन्**

१. भर्नाहुन आउँदा सम्पुर्ण शैक्षिक प्रमाणपत्रहरुको सक्कल र १ सेट फोटोकपी, नागरिकता प्रमाणपत्रको सक्कल र फोटोकपी तथा ४ थान पासपोर्ट साइज फोटो साथमा लिई उम्मेद्वार आफै उपस्तिथ हुनु पर्नेछ । उत्तीर्ण भएकाहरुले सक्कल माइग्रेसन र प्रोभिजनल प्रमाणपत्र समेत पेश गर्नुपर्ने छ ।

२. तोकिएको म्यादभित्र उपरोक्त बमोजिम भर्ना हुन नआएमा नीज उम्मेद्वारको सट्टा रोलक्रमका अन्य उम्मेद्वारलाई भर्ना लिइनेछ ।

३. नियमानुसार भर्ना भएका विद्यार्थीले कारणवश प्रथम सेमेस्टरको कक्षा संचालन सुरुहुनु पूर्व भर्ना रद्ध गर्नु भएमा प्रिन्सिपल समक्ष स्पष्टिकरण खुलाई निवेदन पेश गर्नुपर्ने छ । निवेदन स्वीकृत भएमा भर्ना शुल्क रु ४,०००/- र क्यापिटेसन शुल्क रु ३५,०००/- निजले बुझाएको रकममा कट्टा गरी बाकी रकम फिर्तागरी भर्ना रद्ध गर्न सकिने छ । कक्षा शुरु भईसके पछि भर्ना रद्ध गर्न कलेज प्रशासन बाध्य हुने छैन ।

४. प्रथम सेमेस्टरको कक्षा संचालन को जानकारी पछि अर्को सूचना बाट गराईने छ ।

**नोटः** QR कोड तथा अनलाइनबाट भुक्तानी गर्दा Remarks मा अनिवार्य विद्यार्थीको नाम उल्लेख गर्नु पर्ने छ ।

PRINCIPAL



चन्द्रागिरी नगरपालिका-८, मातातीर्थ, काठमाण्डौ, पोष्ट बक्स नं. १२७६, फोन नं.: ९७७-१-५१४७२११, फ्याक्सः ९७७-१-५१४७०४६
Chandragiri Municipality-8, Matatirtha, Kathmandu, Nepal, P.O. Box: 1276
Tel: 977-1-5147211, Fax: 977-1-5147046, Email: mail@kafcol.edu.np, Web: kafcol.edu.np

# काठमाण्डौ फरेष्ट्री कलेज
# KATHMANDU FORESTRY COLLEGE

स्थापना: २०६२ (Estd: 2005)

VAT: 302402302
Company Regd. No.: 972/2063/064

Ref. No.: 6168/083/084




प्रिन्सिपल

PRINCIPAL

विजय प्रसाद केसरी

चन्द्रागिरी नगरपालिका-८, मातातीर्थ, काठमाण्डौ, पोष्ट बक्स नं. १२७६, फोन नं.: ९७७-१-५१४७२११, फ्याक्स: ९७७-१-५१४४७०४६
Chandragiri Municipality-8, Matatirtha, Kathmandu, Nepal, P.O. Box: 1276
Tel: 977-1-5147211, Fax: 977-1-5147046, Email: mail@kafcol.edu.np, Web: kafcol.edu.np